पल प्रकरणमा अभिनेत्री रेखाको धारणाः

‘नाबालिकाको संरक्षण गर्ने दायित्व समाजको हो’

हिमालय टाइम्स

काठमाडौं, १८ फागुन

नेपाली सिनेबृत यतिबेला अभिनेता पल शाह प्रकरणले तातेको छ । एक नाबालिका गायिकालाई जबरजस्ती करणी गरेको अभियोगमा अभिनेता पल शाह केही दिनदेखि जिल्ला प्रहरी कार्यालय, तनहुँको हिरासतमा हुनुहुन्छ । उहाँ हिरासतमा भइरहँदा सामाजिक सञ्जालमा विभिन्न कलाकारहरूका आ-आफ्ना तर्क आइरहेका छन् । हिरासत अगाडि आमसर्वसाधारणले ‘अभिनेता पल शाहलाई न्याय दे’ जस्ता नारा प्रयोग गर्दै माहौल अतिरञ्जित बताइरहेका छन् ।

अदालतले पललाई सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिइसकेको छ । यो प्रकरणमा अभिनेत्री रेखा थापाले २० वर्षमुनिका नाबालिका भएकाले उहाँहरूको संरक्षण गर्ने दायित्व समाजको भएको बताउनुभएको छ । रेखाले सामाजिक सञ्जालमा स्टाटस लेख्दै भन्नुभएको छ, ‘२० वर्षमुनिका छोरीहरू बालिका हुन्, बालिका कानुनतः सबै प्रकारका सुरक्षा र अभिभावकत्व प्राप्त गर्ने अधिकार राख्दछन् । समाजको भूमिका उनीहरूलाई संरक्षण गर्ने हो । कोसँग लभ छ ? कति पटक यौन सम्पर्क भयो ? यस्ता नैतिकतावादी कुराको कानुनलाई मतलब हुनु हुँदैन । समाजको आडम्बर त कुरा गरी साध्य छैन । केटी मान्छे भनेपछि दुनियाँभरि कतै नभएको नैतिक मापदण्ड र हिलो छ्याप्ने चलन लज्जाजनक रूपमा नेपालमा व्याप्त छ ।’

रेखाको जस्तै भनाइ अभिनेत्री ऋचा शर्माको पनि छ । ऋचाले लेख्नुभएको छ, ‘मुलुकी अपराध संहिताले १८ वर्षमुनिकासँग यौन सम्बन्ध राख्नु बलात्कार हो भन्छ । कानुनमा कसले, के, कुन अवस्थामा उल्लेख नगरेका कारण नाबालिगको संरक्षणको जिम्मा राज्यको हो । राज्य भनेको हामी पनि त हौं नि ! होइन र ? १८ वर्षमुनिकाको सहमतिमै यौन सम्बन्ध भए पनि बलात्कार ठहरिनुको कानुनी व्यवस्था हुनुको अर्थ निर्णय क्षमतासँग जोडिन्छ नै । अनि नाबालिगको संरक्षणको जिम्मेवारी समाजको पनि भएकाले नै यस्ता कानुनी प्रबन्ध गरिएको हो । यति बुझौं नाबालिगकै करमा पनि कसैले सम्बन्ध राख्यो भने त्यो बलात्कार हो । उसैले बोलाएको भनेर कानुनले छुट दिन्न । मलाई विश्वास छ नाबालिगको विश्वासको हत्या गर्नेको पक्षमा लागेर एक नाबालिगको चरित्र हत्या गर्न सक्दैन मेरो समाजले । नाबालिगको संरक्षण कानुनको सम्मान हो ।’

ऋचाले घुमाउरो तरिकाले पलको पक्षमा लागेर उजुरी दिने गायिकाको चरित्र हत्या गर्ने समाजप्रति पनि आक्रोश व्यक्त गर्नुभएको छ ।

यता, अभिनेत्री पूजा शर्माले पल शाह चाँडै नै फर्केर आउने र उनीसँग आफूले अर्को चलचित्रमा काम गर्ने बोलिरहनुभएको छ । अभिनेत्री करिश्मा मानन्धरले पनि पलको पक्षमा आफू रहेको बताउनुभयो । करिश्माले पललाई ‘स्टे स्ट्रोङ’ भन्दै शुभेच्छा समेत व्यक्त गर्नुभयो । करिश्मा र पूजाको यो अभिव्यक्तिमा केही अभिनेत्रीहरूले केटी मान्छे भन्ने बित्तिकै समाजमा हिलो छ्याप्ने प्रचलन व्याप्त रहेको बताएको पाइन्छ ।

उता जिल्ला प्रहरी कार्यालय तनहुँको गेटबाहिर भने अभियान्ता भनेर चिनिने पुण्य गौतम, कलाकार समेत रहनुभएका जयकिशन बस्नेत लगायतले पलको समर्थनमा नाराबाजी गरिरहेको देखिन्छ । केही युट्युबरको साथ लिएर पुण्य र जय किशनले ‘पल शाहलाई न्याय दे, पल शाहलाई रिहाई गर’ भन्दै तीन दिनदेखि नारा लगाइरहेका छन् । यस्तै सर्वसाधारणमा वृद्धदेखि बच्चासम्म पललाई न्याय चाहियो भन्दै ‘पम्पलेट’ नै लिएर उभिएको दृश्य देख्न पाइन्छ ।

चलचित्र ‘बाबरी’ भदौ अन्तिममा

हिमालय टाइम्स

काठमाडौं, १८ फागुन

नयाँ नेपाली चलचित्र ‘बाबरी’ आउँदो वर्षको भदौ अन्तिममा प्रदर्शन हुनेभएको छ । सुरेन्द्र पौडेल निर्देशित यो चलचित्र भदौको ३१ गते प्रदर्शन हुने निर्माण टिमले जनाएको छ । चलचित्रमा धीरज मगर, अदीति बुढाथोकी र धीरज नाडकरको मुख्य भूमिका रहेको छ ।



मंगलबार महाशिवरात्रीको अवसर पारेर निर्माण टिमले चलचित्रको एक पोष्टर सार्वजनिक गर्दै रिलिज मिति घोषणा गरिएको हो ।

चलचित्रको सार्वजनिक पोष्टरमा मुख्य तीन पात्रको क्यारेक्टर नाम पनि चिनाइएको छ । चलचित्रमा अदीति विजेता, धीरज मगर विक्रान्त र धीरज नाडकर रोनिश बन्नुभएको छ । बाबरी फिल्मको प्रस्तुति र सुष्मा प्रोडक्सनको ब्यानरमा निर्माण भएको चलचित्रको कथा निर्देशक पौडेलले नै लेख्नुभएको हो । पुष्पा अधिकारी निर्माता रहेको सिनेमाको सहनिर्मातामा सुष्मा गुरुङ हुनुहुन्छ ।

त्रिकोणात्मक प्रेमकथामा आधारित चलचित्रको काठमाडौं, झापा, मोरङ र उत्तरी सिक्किमका रमणीय स्थानमा सिनेमाको छायांकन गरिएको छ । नरेन्द्र मैनालीको छायांकन रहेको चलचित्रका मुख्य सहायक निर्देशक रितसिंह बोहरा हुनुहुन्छ ।

साहित्यकार एवं पत्रकार बिके पाल्पालीको निधन

हिमालय टाइम्स

काठमाडौं, १८ फागुन

साहित्यकार एवं पत्रकार बिके पाल्पाली (विजयकुमार पोखरेल)को निधन भएको छ । केही वर्षदेखि दुवै मिर्गौलामा समस्या आएपछि डायलासिस गराउँदै आउनुभएका पाल्पालीको मंगलबार राति भक्तपुरको सिपाडोल स्थित आफ्नै निवासमा निधन भएको हो । उनको मंगलबार राति नै पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको छ ।



विसं २०३२ मा पाल्पामा जन्मनुभएका उहाँ नेपाली साहित्यमा हाइकु, कथा, कविता र गीत लेखनका साथै पत्रकारितामा पनि सक्रिय हुनुहुन्थ्यो । उहाँ कानुन व्यवसायीसमेत हुनुहुन्थ्यो । पेरोल साहित्य प्रतिष्ठानका संस्थापक अध्यक्षसमेत रहनुभएका पाल्पालीका एक छोरा, एक छोरी र श्रीमती हुनुहुन्छ ।

‘द सिक्रेट अफ राधा’ भदौमा

काठमाडौं/हिटा । नयाँ नेपाली चलचित्र ‘द सिक्रेट अफ राधा’को प्रदर्शन मिति तोकिएको छ । सुवर्ण थापा निर्देशित यो चलचित्र आगामी वर्षको भदौ २४ गतेबाट प्रदर्शन हुने बताइएको छ ।

दोस्रो लकडाउनअघि पालुङ आसपासमा छायांकन भएको सिनेमामा सौगात र सृष्टिका अलावा खगेन्द्र लामिछाने, मेनुका प्रधान, पशुपति राई, दिव्यदेव पन्त, पुस्कर गुरुङलगायत कलाकारको अभिनय छ ।

चलचित्रमा दयाहाङ राई र निश्चल बस्नेतलाई पनि विशेष भूमिकामा देख्न पाइने निर्माण टिमको जनाएको छ । यो चलचित्रलाई निर्देशक थापासँग मिलेर सौगातले निर्माण गर्नुभएको हो ।

आदियोगी भिजन, मण्डला अनलाइन, महारानी इन्टरटेन्मेन्ट र महाप्रोडक्सनको ब्यानरमा निर्माण भएको चलचित्रमा नरेन्द्र मैनालीको छायांकन र कालीप्रसाद बास्कोटाको संगीत छ ।

युक्रेन आक्रमणमा परी पाँच सय ३६ जनाको मृत्यु : संयुक्त राष्ट्रसंघ

एजेन्सी

किभ, १८ फागुन

युक्रेन आक्रमणमा परी एक हप्तामा पाँच सय ३६ जनाको ज्यान गएको संयुक्त राष्ट्र संघले जनाएको छ । यसमा १३ जना बालबालिकासहित एक सय ३६ जना सर्वसाधारणको मृत्यु र चार सयजना घाइते भएको जनाइएको छ ।

संयुक्त राष्ट्र संघको ओएचसीएचआरका प्रवक्ता लिज थ्रोस्सेलले मानव हताहति योभन्दा पनि बढी हुनसक्ने बताउनुभएको छ । उहाँका अनुसार पूर्वी युक्रेनको डोनेत्स्क र लुहान्स्क क्षेत्रमा मात्रै दुई सय ५३ जनाको ज्यान गएको अलजजिराले जनाएको छ ।

रूसले पछिल्लो पटक दक्षिणी शहर खेअरसनमाथि नियन्त्रण लिएको छ । स्थानीय परिषद्का एक सदस्यले आक्रमणमा परी दुई सयभन्दा बढीको ज्यान गएको र ती मध्ये धेरै सर्वसाधारण रहेको बताइएको छ ।

यता रूसी फौजले युक्रेनको राजधनी किभको एक टेलिभिजन टावरमाथि हमला गर्दा कम्तीमा पाँचजनाको ज्यान गएको युक्रेनको आपत्कालीन सेवासम्बन्धी निकायले जनाएको छ । रूसले युक्रेनमा अब लक्षित हमला गर्ने चेतावनी दिएकै दिन टेलिभिजन टावरमाथि प्रहार गरिएको हो । हमलापछि सामाजिक सञ्जाल ट्विटरमार्फत् प्रतिक्रिया जनाउँदै युक्रेनी विदेश मन्त्रालयले रूसी अपराधीहरू आफ्नो बर्बरता देखाउन कतै पनि नरोकिने गरेको बताएको छ । यस्तै युक्रेनको दोस्रो ठूलो शहर खार्किभमा अध्याधिक मात्रामा प्यारासुटबाट रूसी सेना प्रवेश गरेको छ । खार्किभलाई पूर्णरूपमा आफ्नो नियन्त्रणमा राख्ने ती सेना प्यारासुटबाट प्रवेश गरेको हो ।

युक्रेन-रूस युद्धको सातौं दिन रूसले प्यारासुटको माध्यमबाट खार्किभमा प्रवेश गरेको युक्रेनी सेनाले दाबी गरेको छ । यता, राजधानी किभलाई उत्तरी युक्रेनबाट मंगलबार छिरेको ट्यांक, बख्तरबन्द, बन्दोबस्तीका सामानसहित पुगेको ६५ किलोमिटर लामो रूसी पल्टन युक्रेनी प्रतिरोधका कारण विस्तारै अगाडि बढेको बताइएको छ ।

यसैबीच, अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकी हवाई क्षेत्रमा उडानमा रोक लगाएको बताउनुभएको छ । राष्ट्रपति बाइडेनले भन्नुभएको छ, ‘पुटिनले ट्यांकमार्फत् किभलाई घेरा हाल्न सक्छन् तर, उनले युक्रेनी जनताको मुटु र आत्म कहिल्यै प्राप्त गर्न छैनन् ।’ बोइङ र एक्सनमोबिलले रूससँगको सम्बन्ध तोडेका छन् । रूससँग सम्बन्ध तोड्ने यी दुई पछिल्ला कम्पनी हुन् । रूसी हमलामा ६ लाखभन्दा बढी मानिसले युक्रेन छोडेर गएको राष्ट्रसंघले जनाएको छ ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Hydrology and Meteorology

Office of Hydrology and Meteorology Kohalpur

Kohalpur, Banke

Invitation for Electronic Bid

Date of first Publication: 2078/10/19

OHMK invites electronic bid from eligible bidders for the procurement of **Maintenance Work at Hydrological Stations at Babai & karnali Basin (ID: OHM/KHP/W/NCB/02-2078/79)** (Estimated amount: **NRs. 19,15,310/-** excluding VAT and contingency) under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations. Interested eligible bidders may obtain further information through e-GP system **www.bolpatra.gov.np/egp**.

रावा बेसी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

हरमटार, खोटाङ

सिलवन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशन मिति : २०७८/११/१९ गते

यस कार्यालयबाट चालु आर्थिक वर्ष २०७८।०७९ को स्वीकृत कार्यक्रम बमोजिम निम्नानुसारको कार्य गराउनु पर्ने भएकोले इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट उल्लेखित शर्तहरुको अधिनमा रहि रित पूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक बोलपत्र दाताहरुले रु. ३,०००। (फिर्ता नहुने गरी) रावा बेसी गाउँकार्यपालिकाको कार्यालयमा नगदै वा गाउँपालिका कार्यालयको राष्टि्रय वाणिज्य बैंक, दिक्तेल स्थित **आन्तरिक राजश्व खाता नं. २०६०१००३०१०१०००७** मा जम्मा गरेको भौचर साथमा बोलपत्र दाताको व्यवसाय नविकरण भएको ईजाजत पत्र, आय कर तथा मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र र आ.व. २०७७।०७८ सम्म कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु पेश गरी रावा बेसी गाउँकार्यपालिकाको कार्यालय, हरमटार, खोटाङबाट यो सूचना प्रकाशित मितिले ३० औं दिन कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको बोलपत्र सिलबन्दी लाहाछाप गरी खामको बाहिरी भागमा कामको विवरण, ठेक्का नम्बर, फर्मको नाम र ठेगाना स्पष्ट खुलाई कार्यालयलाई संबोधन गरी ३१ औं दिन १२:०० बजे भित्रमा यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु गरिनेछ ।

४ बोलपत्र साथ तोकिए बमोजिमको वोलपत्र जमानत रकम यस कार्यालयको कार्यालयको राष्टि्रय वाणिज्य बैंक, दिक्तेल स्थित धरौटी खाता नं. २०६०१००३०३००००७ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा बोलपत्र दाखिला हुने अन्तिम मितिले १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सक्कल वोलपत्र जमानत संलग्न गर्नुपर्नेछ ।

५. बोलपत्र दाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । BOQ मा उल्लेख गरेको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा सिलबन्दी बोलपत्र दाताको स्पष्टसँग सहिछाप भएको हुनु पर्नेछ ।

६. एक फर्मको नामबाट खरिद भएको सिलबन्दी बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन ।

७. कुनै कारण जनाई वा नजनाई बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने एवं सूचना रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

९. बोलपत्र सम्वन्धी अन्य काम कारवाही सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

तपशिल :

सि.नं.	ठेक्का नम्बर	कामको विवरण	लागत अङ्क (भ्याट समेत) रु.	जमानत रकम रु.	फाराम दस्तुर रु.
१.	रावा बेसी/संघिय ११/०७८/७९	३ नं. वडा कार्यालय भवन थप निर्माण कार्य	४०,८०,०७०।२९	१,१४,०००।-	३,०००।-

प्रमुख प्रशासकीय अधिकृत

धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

धरान-१२, सुनसरी

दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०७८।११।१९

यस कार्यालयको मिति २०७८।१०।२७ गते दोस्रो पटकको दरभाउपत्र सूचना अनुसार अपाङ्गता सहायक सामाग्री (Assistive Devices) खरिद सम्बन्धी ठे.नं. 06/DHARAN/GOODS/SQ/078/79 का लागि पेश भएका दरभाउपत्रहरु मध्ये देहायको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

क्र.स.	ठेक्का नं.	विवरण	छनौटकालागि सिफारिश भएको दरभाउपत्रदाता	कबुल अंक
१	06/DHARAN/GOODS/SQ/078/79	Assistive Devices	Community Based Rehabilitation	1329093.79 (भ्याट नलाग्ने)

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development & Building construction
New Town Project Coordination Office

New Town Project Office

Rakam Karnali, Dailekh

INVITATION FOR BIDS (IFB)

First Date of Publication - 2078/11/19 BS, 2022-March-03 (Himalaya Times Daily)

1. New Town Project Office, Rakam Karnali, Dailekh invites electronic bids from eligible bidders for following bid under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.

S.N.	Contract No.	Description of Work	Bid Security Amount NRs	Estimated amount Exclusive of VAT and Contingency	Cost of Bidding Document NRs.
1	RKNTP/ Dailekh/ Works/ NCB/ 8/ 2078/ 079	Construction of Fun Park at Aathbis Na.Pa-4, Rakam Karnali, Dailekh	NRs 3,78,000.00	NRs 1,33,56,931.41	3,000.00
2	RKNTP/ Dailekh/ Works/ NCB/ 09/ 2078/ 079	Construction of office Building for New Town Project Office at Aathbish Municipality Rakamkarnali 4, Dailekh	NRs 4,83,000.00	NRs 1,70,93,352.32	3,000.00
3	RKNTP/ Dailekh/ Works/ NCB/ 10/ 2078/ 079	Construction of Sarwajanik Manch at Aathbish Municipality Rakam karnali 4, Dailekh	NRs.2,14,000.00	NRs 75,55,186.60	3,000.00

2. **Purchase, Submission and Opening:**

Activity	Date	Time
Pre Bid Meeting	(2022/03/18)	14:00 Hrs
Submission of Bid	2022/04/03	12:00 Hrs
Opening of Bid	2022/04/03	14:00 Hrs

3. Eligible Bidders may obtain further information from the office of New Town Project Office, Rakam Karnali, Dailekh during office hours or may visit PPMO webportal **www.bolpatra.gov.np/egp**

Act.Project Chief